प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## गण्डकी प्रदेश, पोखरा

## पर्यटकीय गन्तव्यहरुको DPR तयार गर्नका लागि आशयपत्र (Expression of Interest) आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७।०८।२३

गण्डकी प्रदेशका ११ जिल्लाहरुमा १/१ वटा पर्यटकीय गन्तव्यहरुको अवधारणापत्र र गूरुयोजना नक्सा सहित DPR गर्ने प्रयोजनका लागि यस मन्त्रालयबाट स्वीकृत भएको कार्यक्षेत्रगत शर्त (TOR) को परिधिभित्र रही सम्वन्धित विषयक्षेत्रमा अनुभव हाँसिल गरेका प्रचलित कानून बमोजिमका परामर्श सेवा प्रदायक फर्म/संस्था/कम्पनीहरुसंग विद्युतिय सञ्चार (E-Bidding) को माध्ययमबाट परामर्श सेवा प्रदायक फर्म/संस्था/कम्पनीहरुको संक्षिप्त सूची तयार गर्नुपर्ने भएकोले इच्छुक फर्म/संस्था/कम्पनीहरुवाट तोकिएको ढाँचामा देहाय बमोजिमको विवरण खुलाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र रितपूर्वकको आशयपत्र (Expression of Interest) पेश गर्न सम्वन्धित सवैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. आशयपत्रदाताले निम्नानुसारको कागजात सहित आशयपत्र पेश गर्नु पर्नेछ ।
   (क) आशयपत्र पेश गर्ने सम्वन्धि आवेदन ।
   (ख) आशयपत्रदाताको दर्ता, नविकरण, मु.अ.कर दर्ता, करचुक्ता प्रमाणपत्र ।
   (ग) आशयपत्रदाता परामर्श सेवा उपलब्ध गराउन अयोग्य नभएको स्वघोषणापत्र ।
   (घ) कार्यक्षेत्रगत शर्त (TOR) मा उल्लेखित मुख्यमुख्य जनशक्तिको स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको व्ययत्तिक विवरण (Bio-Data) ।
   (ङ) दुई वा दुई भन्दा बढी फर्म/संस्था/कम्पनीले समुह संगठन संयुक्त उपक्रम (JV) को रुपमा परामर्श सेवा दिने भए त्यस्तो फर्म/संस्था/कम्पनीको नाम, ठेगाना र विवरण तथा मुख्य भै काम गर्ने फर्म/संस्था/कम्पनीको नाम खुलाउनु पर्नेछ ।
   (च) अन्य केही कागजात भएमा सो को विवरण ।
२. इच्छुक आशयपत्रदाताले आशयपत्र सम्वन्धि कागजात विस्तृत अध्ययन गरी उल्लेखित विवरण भरी आशयपत्र आव्हानको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np/egp बाट मात्र आशयपत्र पेश गर्न सक्नेछन् । आशयपत्र सम्वन्धि कागजात www.bolpatra.gov.np/egp वा वेब साइट www.moitfe.gandaki.gov.np बाट download गर्न सकिनेछ ।
३. E-submission www.bolpatra.gov.np/egp वाट प्रस्तावित आशयपत्रहरु १६ औँ दिनको अपरान्ह १२:०० बजे आशयपत्रदाताहरु वा निजहरुको आधिकारिक प्रतिनिधिहरुको उपस्थितिमा यस मन्त्रालयमा खोलिनेछ । तर आशयपत्रदाताहरु वा निजहरुको आधिकारिक प्रतिनिधिहरुको उपस्थिति नभए पनि आशयपत्र खोल्न बाधा पर्ने छैन ।
४. आशयपत्र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि लगत्तै कार्यालय खुलेको दिन तोकिएको समय अनुसार नै खोलिनेछ ।
५. रित नपुगेको, म्याद नाघी आएको र कागजात प्रस्ट नभएको आशयपत्र उपर कुनै कारवाही हुने छैन ।
६. तोकिएको मिति र समय भित्र पर्न आएका आशयपत्रहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र स्वीकृत मापदण्डका अधिनमा रही मूल्यांकन गरी योग्यताक्रमका आधारमा छनौट भएका आशयपत्रदाताहरुको सूची योग्यताक्रम अनुसार राष्ट्रिय स्तरको समाचारपत्रमा प्रकाशित गरिनेछ र संक्षिप्त सूचीमा परेका आशयपत्रदाताहरुबाट मात्र परामर्श सेवा खरिद सम्वन्धि प्रस्ताव माग गरिनेछ ।
७. Upload भएका आशयपत्रहरुका साथ स्क्यान गरी पेश गरिएका कागजातहरुको सम्वन्धमा सक्कलप्रति मन्त्रालयले आवश्यक ठानेमा आशयपत्रदाताले तोकिएको समयभित्र यस मन्त्रालयमा पेश गर्नुपर्नेछ ।
८. आशयपत्र खोल्ने समयमा आशयपत्रदाताको आशयपत्रहरु अपलोड भएको नदेखिएमा, अपलोड भएको file प्रष्टसँग नबुझिएमा, डाउनलोड हुन नसकेमा वा नभएमा वा डाउनलोड भएको file नखुलेमा यस मन्त्रालय जवाफदेही हुने छैन ।
९. आशयपत्र आव्हान सम्वन्धि सुचनामा उल्लेख गर्न छुट भएका विषयहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।
१०. आशयपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहने छ ।
११. यस सम्वन्धमा अन्य थप कुराको जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस मन्त्रालयमा सम्पर्क राख्न सकिनेछ ।

**सम्पर्कः** उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
गण्डकी प्रदेश पोखरा
फोन नम्वरः ०६१ ४६७६७०, ४६७६५४
ईमेलः-moitfe4@gmail.com